# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry


FNCCI सख्या : ११५४

२०७४/११/६

श्री अध्यक्षज्यू,
सबै जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरू ।

**बिषय : स्थगित भएको उद्योग वाणिज्य संघ समूहको रिक्त उपाध्यक्ष पदको निर्वाचन गर्ने सम्बन्धी सूचना ।**

यस महासंघको मिति २०७४ साल श्रावण १९ को पत्र संख्या १२५ को सूचना अनुसार उद्योग वाणिज्य संघ समूहको रिक्त उपाध्यक्ष पदको निर्वाचन उद्योग वाणिज्य संघ समूहको मात्रै विशेष सभाबाट **मिति २०७४ साल भाद्र १९ गते महासंघको सचिवालय टेकु**मा हुने कार्यक्रम रहेकोमा मिति २०७४/५/१६को पदाधिकारी समितिको बैठकबाट उक्त निर्वाचन कार्यक्रम स्थगित गर्ने निर्णय भएको बारे महासघको मिति २०७४/५/१६को पत्रबाट जानकारी गराएको यहाँमा विदितै छ ।

स्थगित भएको उक्त निर्वाचन सम्बन्धमा मिति २०७४/११/६ मा बसेको महासंघको पदाधिकारी समितिको बैठकबाट उद्योग वाणिज्य संघ समूहको उपाध्यक्ष पदको निर्वाचन यही २०७४ साल फागुन २५ गते शुक्रबार दिनको ११:०० बजे महासंघको सचिवालय, टेकुमा गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । मिति २०७४ साल फागुन २५ गते हुने निर्वाचनमा गत भाद्र १९ गतेका लागि निर्धारण गरेको निर्वाचन सम्बन्धी बाँकी रहेका कार्यक्रमबाट निर्वाचन प्रकृया सम्पन्न हुने व्यहोरा जानकारी गराउँद छु ।

मिति २०७४/११/२५ मा हुने उद्योग वाणिज्य संघ समूहको विशेष सभामा भाग लिन महासघको मिति २०७४/४/१९को सूचनामा उल्लेख भए अनुसारको प्रतिनिधि संख्या एक र प्रतिनिधि शुल्क रु.२,०००। (दुई हजार) लाग्ने व्यहोरा समेत जानकारी गराउँदछु ।

उद्योग वाणिज्य संघ समूहको उपाध्यक्ष पदको निर्वाचनमा भाग लिन जिल्ला/नगर उद्योग वाणिज्य संघको अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने तर अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा कार्यसमितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रूपमा भाग लिने गरी भएको कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपि सहितको प्रतिनिधि पत्र पठाउने व्यवस्थाको लागि समेत अनुरोध गर्दछु ।

मिति २०७४/११/२५ मा हुने निर्वाचन सम्बन्धी कार्यक्रमको विस्तृत विवरण यहांको जानकारीको लागि यसै साथ संलग्न गरी पठाएको छु । उक्त कार्यक्रम अनुसारको प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क र वार्षिक शुल्क लगायतका व्यवस्था उल्लेखित मिति भित्र पठाइ दिनु भई उद्योग वाणिज्य संघ समूहको विशेष सभाबाट हुने उपाध्यक्ष पदको निर्वाचनको कार्यक्रममा सहभागिताको व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

**संलग्नः**

**निर्वाचन कार्यक्रम**

( सुरशमान श्रेष्ठ )
महासचिव

**बोधार्थ :**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू, उपाध्यक्षज्यूहरू एवं कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np



STOP Child Labour



http://www.fncci.org

**नेपाल उद्योग वाणिज्य महासंघको**
**विशेष सभाको**
**निर्वाचन कार्यक्रम**

| | | |
|---|---|---|
| १. | उम्मेदवार मनोनयनको लागि फ्याक्स/ई–मेलबाट प्राप्त कागजातको सक्कल पेश । | मिति २०७४/११/२२ गते बिहान ११:०० बजेभित्र |
| २. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेद्वारहरुको दोश्रो सूची प्रकाशन | मिति २०७४/११/२२ गते अपरान्ह ६:०० बजेसम्म |
| ३. | उम्मेद्वारी मनोनयन पत्र उपरको दावि विरोध | मिति २०७४/११/२३ गते दिउंसो १:०० बजेदेखि ३:०० बजेसम्म |
| ४. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानविन र गरी दोश्रो सूची प्रकाशन | मिति २०७४/११/२३ गते अपरान्ह ३:०० बजे |
| ५. | उम्मेद्वारले मनोनयन फिर्ता लिने | मिति २०७४/११/२३ गते अपरान्ह ४ :०० बजेसम्म |
| ६. | मतदान गर्न पाउने सदस्य संघका प्रतिनिधिको सूची प्रकाशन | मिति २०७४/११/२४ गते दिउँसो १:०० बजे |
| ७. | मतदान गर्न पाउने सदस्य संघका प्रतिनिधि उपरको दावि विरोध र छानविन एवं निर्णय | मिति २०७४/११/२४ गते अपरान्ह २:०० बजेदेखि ४:०० बजेसम्म |
| ८. | उम्मेद्वारको अन्तिम नामावली प्रकाशन | मिति २०७४/११/२४ गते अपरान्ह ४:०० बजे |
| ९. | मतदान गर्न पाउने सदस्य संघका प्रतिनिधिहरुको अन्तिम सूची प्रकाशन | मिति २०७४/११/२४ साँझ ६:३०बजे |
| १०. | निर्वाचन | मिति २०७४/११/२५ गते मध्यान्ह १२:०० बजेदेखि दिउँसो २:०० बजेसम्म |
| ११. | मत गणना | मतदान समाप्त भएपछि |
| १२. | निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोट: १. मतदाता सूचीमा समावेश भएका तर सो तोकिएको मितिसम्म नविकरण गर्न नभ्याउने संघ संस्थालाइ नवीकरण दस्तुर बुझाई आ. व २०७४/०७५ सम्मको नविकरण गर्ने समय मिति २०७४ साल फागुन २४ गते साँझ ६:०० बजेसम्म कायम गरिएको छ । सो समयसम्म पनि नवीकरण नगर्ने सदस्य संघ संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैन ।

२. माथि प्रकरण नम्बर १ देखि १२ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाडौंमा हुने व्यहोरा सूचित गरिन्छ ।

३ प्रकाशित कार्यक्रम अनुसारको समयमा कुनै प्राविधिक कारणले निर्वाचन कार्यक्रम सम्पन्न हुन नसकेमा निर्वाचन अधिकृतले तत्काल अर्को सूचना प्रकाशित गरि निर्वाचन सम्पन्न गर्नेछ ।